## हाम्रो दायित्व तथा सन्देश

पर्वतीय क्षेत्रका समस्याहरूलाई सम्बोधन गर्न एकल प्रयास निरर्थक रहन्छ र यसको लागि बृहत सहभागिता र एकीकृत अवधारणाको जरूरी छ जसले गर्दा दिगो विकासको कार्यलाई अगाडि बढाउन सकिन्छ । जल, जमीन, जैविक विविधता, पर्या पर्यटन, आधारभूत संरचना सबै पक्षलाई ध्यान दिंदै विकासको गतिलाई अगाडि वढाउनु आवश्यक छ । अन्तर्राष्ट्रिय पर्वतीय वर्ष मनाउने क्रममा नेपालले सम्पादन गरेका प्रमुख कार्यहरूको कार्यान्वयनमा निरन्तरता दिन नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०५८।१०।२ को निर्णयानुसार निम्न ५ वुंदे नीति र २० वुंदे कार्यक्रमहरू प्रतिपादन भएका थिए र उक्त नीति तथा कार्यक्रमहरू हामी सवैको लागि मार्गदर्शक रहेका छन् । पर्वतीय क्षेत्रको दिगो विकासका लागि नीतिगत तथा कार्यान्वयन तहमा निम्नानुसारको व्यवस्था हुन आवश्यक देखिन्छ ।

## नीतिगत तहमा

- पर्वतीय विकास सम्वन्धी वर्तमान नीतिहरूलाई सवलीकरण गर्दै नयां रचनात्मक व्यवस्था गरी राष्ट्रिय, अन्तराष्ट्रिय तथा क्षेत्रिय रूपमा सहकार्य गर्दै जाने ।
- सरकारी तवरबाट पर्वतीय क्षेत्रको दिगो व्यवस्थापनका लागि जोखिमहरू न्यूनीकरण एवं पुनर्स्थापना गर्ने नीतिहरूलाई बढावा दिने ।
- पर्वतीय क्षेत्रमा यातायात, संचार, जल विद्युतीकरणमा जोड दिने ।
- पहाडी क्षेत्रका वासिन्दाहरूको जनसहभागितामूलक वातावरणमैत्री विकासमा जोड दिने ।
- पर्वतीय क्षेत्रको संस्कृति परम्परागत ज्ञानलाई समेत विकास योजना वनाउंदा स्थान दिई जनसमुदायमा आधारित वातावरणमैत्री विकास निर्माण अगाडि बढाउने ।
- अन्तराष्ट्रियस्तरमा समेत सिमावर्ती समन्वय (Transboundary Cooperation) स्थापना गर्ने ।

## कार्यक्रम तथा ब्यवस्थापन तहमा

- पर्वतीय श्रोतहरूको संरक्षण विकास र दिगो उपयोगमा जोड दिने ।
- वातावरणीय सेवाको भुक्तनीको लागि अध्ययन अनुसन्धान र सम्भाव्यताका आधारमा सानो स्केलबाट लागु गर्दै जाने ।
- पर्वतीय श्रोतको दिगो व्यवस्थापनका लागि मानवीय क्षमताको अभिबृद्धि गर्दै जाने ।

## यस वर्षको अन्तर्राष्ट्रिय पर्वतीय दिवसका अवसरमा पुरस्कृत समूह, संघ तथा संस्था

पर्वतीय क्षेत्रको दिगो विकासका लागि विभिन्न क्षेत्रबाट उल्लेखनीय कार्य गर्ने संघ, संस्था तथा व्यक्तिहरूलाई प्रत्येक वर्ष वन तथा भू संरक्षण मन्त्रालयले अन्तर्राष्ट्रिय पर्वतीय पुरस्कारवाट सम्मानित गर्दै आइरहेको छ । यस वर्ष पर्वतीय क्षेत्रको दिगो विकास, जैविक विविधता संरक्षण, पर्वतीय क्षेत्रको जिविकोपार्जन तथा अध्ययन अनुसन्धान गरी उल्लेख्य योगदान पुन्याउने व्यक्ति/संस्था/समूहहरूलाई मिति २०६९ कार्तिक २६ गोरखापत्र दैनिकमा निवेदन आव्हान गरी २०६९ मंसीर ११ सम्म निवदेन संकलन भएकोमा निम्न ३ संस्थाहरूलाई पुरस्कृत गरिंदैछ ।

| क्र.सं. | संघ, संस्थाको नाम र ठेगाना | गरेको उल्लेख्य कार्य | स्थान | पुरस्कार राशी |
|---|---|---|---|---|
| १ | गृहकोट कवुलयती वन अन्तर समूह, चित्रेभञ्ज्याङ ३, ४, ५ स्याङ्जा | खोरिया फंडानी क्षेत्रलाई संरक्षण गरी ८२ हेक्टर राष्ट्रिय वन क्षेत्रमा ८२ घरधुरी दलित एवं जनजाति परिवारको जिविकोपार्जनमा उल्लेख्य सहयोग गरेको । | प्रथम | रू.१,००,०००।०० (एक लाख) |
| २ | पर्वत सामुदायिक विकास संस्था, मुडिकुवा पर्वत | ३० हजार लप्सी रोपण गरेको र लप्सी कलमी केन्द्रको स्थापना समेत गरेको, कम्पोष्ट मल र जैविक विषाधि प्रवर्धन कार्यक्रम गरी रासायनिक मल विस्थापनमा योगदान गरेको तथा वातावरणमैत्री उद्योग-व्यवसाय तालिम संचालन गरेको । | द्वितिय | रू. ६०,०००।०० (साठी हजार) |
| ३ | रुईनिया डांडा सामुदायिक वन उपभोक्ता समूह, सुर्खेत | वैज्ञानिक वन व्यवस्थापन अनुसार ब्लक विभाजन गरी वन व्यवस्थापन गरेको । | तृतिय | रू. ४०,०००।०० (चालीस हजार) |


प्रकाशकः

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वातावरण महाशाखा

सिंहदरवार, काठमाडौं

फोन नं.: ४२११८९२, ४२११८१४, फ्याक्स नं.: ४२११८६८

*Website: www.mfsc.gov.np*






वि.सं. २०६९ साल मंसिर २६ गते, मंगलबार — डिसेम्बर ११, २०१२


## दशौं अन्तर्राष्ट्रिय पर्वतीय दिवसको उपलक्ष्यमा माननीय वन तथा भू-संरक्षण मन्त्री यदुवंश झाले दिनु भएको सन्देश



पर्वतीय क्षेत्रका वासिन्दाले भोगिरहनु परेको सामाजिक-आर्थिक सवाललाई साझा समस्याको रूपमा लिई यस क्षेत्रको समुचित विकासमा टेवा पुन्याउन संयुक्त राष्ट्रसंघको साधारण सभाको निर्णयानुसार सन् २००३ देखि प्रत्येक वर्ष ११ डिसेम्वरलाई अन्तर्राष्ट्रिय पर्वतीय दिवसको रूपमा मनाउन थालिएको हो । नेपालमा पनि पर्वतीय क्षेत्रको विकासमा विगतमा भएका प्रयासहरूलाई अझ व्यापक वनाउन र सो क्षेत्रको वातावरण अनुकुल हुने गरी विकास कार्यक्रमहरू प्रभावकारीरूपमा कार्यान्वयन गर्न यो दिवस मनाइदै आइएको छ ।

हामी अनादिकालदेखि नै पर्वतीय क्षेत्रको स्रोतमा निर्भर छौं । हाम्रो समुन्नति यही क्षेत्रको दिगो ब्यवस्थापनमा निर्भर रहेको छ र अनन्तसम्म रहिरहने छ । पर्वतीय क्षेत्रका प्राकृतिक स्रोतको विनास हुंदैजानु र सामाजिक-आर्थिक विकासमा यथेस्ट लगानी गर्न नसकिएको हुनाले यस क्षेत्रमा गरिबी व्याप्त छ । पहाडी क्षेत्रमा हुने क्रियाकलापबाट सिर्जित भू-क्षय तथा पहिरोको समस्याले तराई जस्ता समथर भू-भागमा वस्ने जनताको सामाजिक तथा आर्थिक अवस्थामा प्रत्यक्ष प्रभाव पारिरहेको छ । यसलाई साझा समस्याको रूपमा लिई हामी पहाड, पर्वत तथा तराईमा वस्ने सवैले पर्वतीय क्षेत्रका समस्यालाई निरुपण गर्न क्रियाशिल रहनु आजको आवश्यकता हुन गएको छ ।

यो वर्षको अन्तर्राष्ट्रिय पर्वतीय दिवसको नारा पर्वतीय क्षेत्रको दिगो विकास रहेको छ । यस नाराले पर्वतीय क्षेत्रको दिगो विकासको आवश्यकतालाई उजागर गरेको छ र सो अनुरूप वर्तमान सरकारले नीतिगत तथा कार्यान्वयन तहमा विभिन्न प्रयासहरू जारी राखेको छ । यसै सन्दर्भमा पर्वतीय क्षेत्रमा जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको अपार भण्डारको संरक्षण तथा व्यवस्थापन गरी दिगो उपयोगमार्फत त्यहांका बासिन्दाको जीवनस्तर उकास्ने कार्यमा वर्तमान सरकारले जोड दिएको छ । साथै सरकारले पारदर्शिता, जनसहभागिता, विकेन्द्रीकरण, सशक्तिकरण, जनताको हक अधिकारको सुरक्षा जस्ता विषयहरूलाई अग्रप्रत्तिमा राखी पर्वतीय क्षेत्रको दिगो विकास गर्दै यहांका प्राकृतिक स्रोतको दिगो उपयोग गर्ने अभिप्राय लिएको छ ।

अन्त्यमा, यस दशौं अन्तर्राष्ट्रिय पर्वतीय दिवसले पर्वतीय क्षेत्रको दिगो विकास गर्ने अभियानमा थप जनचेतना अभिबृद्धि गर्न हामी सवैलाई उत्प्रेरणा दिनेछ भन्ने विश्वास गर्दै पर्वतीय क्षेत्रमा रहेका अपार प्राकृतिक श्रोतको संरक्षण र व्यवस्थापनमार्फत उक्त क्षेत्रको दिगो विकासमा कटिवद्ध रहन सम्पूर्ण सरकारी निकाय, गैरसरकारी संघ संस्था, स्थानीय निकाय, नागरिक समाज, दातृ संस्था एवं दाजुभाई दिदिबहिनीहरूलाई हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

### यस अंकमा


| | |
|---|---|
| माननीय वन तथा भू संरक्षण मन्त्रीज्यूको सन्देश. | १ |
| श्रीमान् सचिवज्यूको सन्देश | १ |
| अन्तराष्ट्रिय पर्वतीय दिवसको पृष्ठभूमि | २ |
| पर्वतीय क्षेत्रको महत्व | २ |
| पर्वतीय क्षेत्रका दिगो विकासका सवालहरू | २ |
| राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयास | ३ |
| हाम्रो दायित्व र सन्देश | ४ |
| अन्तर्राष्ट्रिय पर्वतीय दिवसमा पुरस्कृत संस्था/समूह | ४ |


## पर्वतीय क्षेत्रको दिगो विकासः आर्थिक सम्बृद्धिको आधार

यस वर्षको अन्तर्राष्ट्रिय पर्वतीय दिवसको नारा "पर्वतीय क्षेत्रको दिगो विकास" रहेको छ । यो नाराले पर्वतीय क्षेत्रका बासिन्दाहरू आर्थिक तथा सामाजिक हिसावले पछाडि परेको सन्दर्भमा निजहरूको जीवनस्तरमा सुधार ल्याउनका लागि दिगो विकास अपरिहार्य भएको तथ्य प्रति अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गर्ने प्रयास भएको छ ।

पर्वतहरू अवसर तथा चुनैती दुवै हुन् पर्वतीय क्षेत्रमा प्राकृतिक स्रोतको अत्यधिक दोहन कायमै रहेको छ । विषम हावापानी, अप्ठ्यारो भू-धरातल तथा जीविकोपार्जनको वैकल्पिक उपायहरू ज्यादै न्यून भएका कारण उक्त क्षेत्रमा वसोवास गर्ने समुदाय गम्भीर अवस्थामा जीवन गुजारा गर्न बाध्य भएको तथ्य हामी सवैले महशुस गरेकै विषय हो । विकासका पूर्वाधारहरु लगायत पर्वतीय क्षेत्रमा रहेको अपार प्राकृतिक स्रोतको संरक्षण, विकास र दिगो उपयोगको लागि आवश्यक लगानी, मानवीय तथा संस्थागत क्षमताको कमीले आशातित उपलब्धि हांसिल हुन सकेको छैन । यी साझा समस्यालाई कष्टप्रद जीवन विताई रहेका पर्वतीय बासिन्दाको जीवनस्तरमा सुधार ल्याउनु सबैको कर्तव्य



डा. कृष्णचन्द्र पौडेल

सचिव

एवं जिम्मेवारी भएको छ ।

नेपालको पर्वतीय क्षेत्र जैविक विविधता, जलस्रोत, परम्परागत ज्ञान, जडीबुटी तथा सौन्दर्यको अपार भण्डार नै हो । यहाँ पाइने जडिबुटीहरू परम्परागत र आधुनिक औषधि विज्ञानका आधार हुन् । जैविक विविधताको विकास, संरक्षण, ब्यवस्थापन, तथा दिगो उपयोग लगायत प्राप्त लाभको बाँडफाँड जस्ता पक्षलाई प्रवर्द्धन गर्न राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना परिमार्जनको क्रममा रहेको छ । यसैगरी नेपाल सरकार, वन तथा भू संरक्षण मन्त्रालयले महत्वपूर्ण जडीबुटी तथा गैर काष्ठ प्रजातिहरूको पहिचान संकलन तथा उपयोग कार्यविधि तयारी गरेको छ । यसैगरी जलको मुहान पनि पर्वतीय क्षेत्र नै भएकाले खानेपानी, सिंचाई, विद्युत उत्पादन, यातायात आदिको स्थायित्वका लागि पनि पर्वतीय श्रोतहरूको संरक्षण र दिगो विकास महत्वपूर्ण छ । पर्वतीय श्रोतहरूको समुचित विकास, संरक्षण तथा ब्यवस्थापन गर्न सकिएमा विषम हावापानी भएका स्थानमा वसोवास गर्ने वासिन्दाको सामाजिक-आर्थिकस्तर उकास्न सकिने प्रशस्त सम्भावना छ । यी बासिन्दाको जीवनस्तरमा सुधार ल्याउन सकिएमा पर्वतीय क्षेत्रको दिगो विकासमा यथेष्ठ सहयोग पुग्ने निश्चित छ ।

अन्तराष्ट्रिय पर्वतीय वर्ष विगत दश वर्षदेखि नेपालमा पनि मनाइदै आइएको छ । यस वर्षको दिवसले पर्वतीय क्षेत्रका विद्यमान चुनौतीलाई अवसरको रूपमा परिणत गर्नेतर्फ सकारात्मक सन्देश दिने कुरामा म विश्वस्त छु । साथै यो दिवसले पर्वतीय क्षेत्रको समुचित विकास तथा यहाँका वासिन्दाको जीवनस्तर उकास्ने कार्यमा समर्पित हुन सम्बद्ध सवैलाई प्रेरणा मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

## पृष्ठभूमि

पर्वतीय क्षेत्रको महत्व तथा दिगो विकासवारे चेतनाबृद्धि गर्नुका साथै पर्वतीय क्षेत्रको बिकासका चुनौती तथा त्यहां उपलब्ध श्रोतबारे प्रकाश पार्न संयुक्त राष्ट्रसंघको आव्हानमा नेपाल लगायत विश्व समुदायले सन् २००३ देखि प्रत्येक वर्ष ११ डिसेम्वरका दिन **अन्तर्राष्ट्रिय पर्वतीय दिवस** मनाउँदै आएको छ । समाजको विकास क्रममा प्राकृतिक श्रोतहरूको अत्यधिक दोहन र बढ्दो नकारात्मक वातावरणीय प्रभावका कारण अन्तर्राष्ट्रिय क्षेत्रमा दिगो विकासको अवधारणा सन् १९८७ बाट शुरु भएको पाइन्छ । सामाजिक, आर्थिक र पर्यावरणीय सन्तुलन सहितको विकासलाई दिगो विकासको पहिचानको रूपमा लिइन्छ । वर्तमानमा गरिने क्रियाकलापले गर्दा हाम्रा सन्ततिले भविष्यमा श्रोत परिचालन गर्न, प्राप्ति गर्न र यसवाट हुने फाइदाबाट वन्चित हुन नपरोस् भन्ने यस अवधारणाको मान्यता हो ।

विश्वमा झण्डै एक चौथाई सतहको क्षेत्रफल ओगटेको पर्वतीय क्षेत्रमा करीव १२ प्रतिशत जनता वस्दछन् । विश्वको आधाभन्दा बढी स्वच्छ खानेपानी तथा कृषि क्षेत्रको लागि सिंचाइ पर्वतीय क्षेत्रवाट नै आपूर्ति हुने गरेको छ । यि क्षेत्रहरू जैविक विविधताको भण्डार मात्र नभै संसारका धेरै लोपोन्मुख प्रजातिको लागि वासस्थान प्रदान गर्ने स्थल तथा महत्वपूर्ण पर्यटकीय स्थलहरू पनि हुन् । यि पर्वतीय क्षेत्रहरू प्राकृतिक विपद तथा जलवायु परिवर्तनबाट समेत बढी प्रभावित हुने हुंदा यिनको दिगो विकासको लागि समयमा नै सोच्नु पर्ने अवस्था आएको छ । पर्वतीय क्षेत्रमा भएका श्रोतहरूको संरक्षण र विकासलाई सामञ्जस्यता कायम गर्ने उद्देश्यका साथ यस वर्ष “पर्वतीय क्षेत्रको दिगो विकास” भन्ने नाराका साथ अन्तराष्ट्रिय पर्वतीय दिवस संसारभर मनाइदैछ ।

नेपालको ८६ प्रतिशत भू-भाग पर्वतीय श्रृंखलाहरूमा फैलिएर रहेको छ । यस भेगले कृषि उपजहरू, संस्कृति, मनोरमता, जलश्रोत, पर्या-पर्यटन, पर्वतारोहण, वन, वनस्पति, वन्यजन्तु, जडिबुटीदेखि जीवन प्रदायी पेयजल र प्राणवायुको उत्सर्जन गरी कार्वन अवशोषणद्वारा विश्व जीव समुदायलाई नै सेवा प्रवाह गरेको यथार्थता हामी सामु रहेको छ । यसका अलावा तराई क्षेत्रको समेत अधिकांश स्वच्छ पानी, सिंचाई, जलविद्युत, जडिबुटी पहाडी क्षेत्रवाट नै आपूर्ति हुंदै आएको अवस्था छ ।

## पर्वतीय क्षेत्रको महत्व

विश्वमा झण्डै एक चौथाई सतहको क्षेत्रफल ओगटेको पर्वतीय क्षेत्रमा करीव १२ प्रतिशत जनता वस्दछन् यद्यपि यस क्षेत्रले संसारकै आधाभन्दा वढी मानिसहरूको शुद्ध खानेपानी आपूर्ति गर्दछ । यी क्षेत्रहरू जैविक विविधताको भण्डारको रूपमा समेत चिनिन्छ । विविधताले भरिपूर्ण यस क्षेत्रमा वार्षिक १२ मिटर वर्षा हुने उष्ण प्रदेशीय वनदेखि लिएर अल्पाइन मरूभुमिसम्मका वनस्पतिहरू पाइन्छन् । अधिकांश विश्वका दूर्लभ वनस्पति, जडिबुटी र जीवजन्तुहरू यसै क्षेत्रमा रहेका छन् । संसारमा जम्मा २० प्रकारका खाद्यान्न श्रोतवाट ८० प्रतिशत मानिसहरूले जिवन निर्वाह गरिरहेको अवस्थामा ७ प्रकारका अन्न वालीहरू (मकै, आलु, गहुं, सख्खर, गोलभेंडा, सर्स्यूं र स्याउ) पर्वतीय क्षेत्रमा नै उत्पत्ति भएका हुन् ।

नेपालको सन्दर्भमा संसारकै सवैभन्दा अग्लो शिखर सगरमाथाका कारण सगरमाथा राष्ट्रिय निकुन्ज विश्व सम्पदा सूचीमा रहेको छ । खानेपानी, सिंचाईको पानी, जलविद्युत, अपार जडिबुटीको प्रमुख श्रोत नै पर्वतीय क्षेत्र हुन । व्यवसायिक पशुपालन, फलफुल खेती, जडिवुटी, पर्यटन जस्ता क्षेत्रमा पर्वतीय क्षेत्रको योगदान तथा सम्भावना अतुलनीय रहेको छ जसबाट गरिबी न्यूनीकरण र दिगो विकासको परिकल्पना गर्न सकिन्छ ।

## पर्वतीय क्षेत्रका दिगो विकासका सवालहरू

पर्वतीय क्षेत्र सम्पूर्ण जीवनको लागि अपरिहार्य हुंदाहुदै पनि विभिन्न प्राकृतिक विपद, जस्तै हिंऊ पहिरो, ज्वालामुखी, भूकम्प, भू क्षय तथा वाढी पहिरो आदि कारणले जोखिमयुक्त त छँदै छ पर्वतीय क्षेत्रका वासिन्दाहरू सामाजिक, आर्थिक, राजनैतिक रूपले पछि पर्नुका साथै शिक्षा, स्वास्थ्य जस्ता सामाजिक सेवाहरूबाट समेत बञ्चित छन् । वर्तमान विश्वका साझा समस्याहरू, जस्तै जलवायु परिवर्तन, उच्च जनसंख्या बृद्धि, श्रोतको असमान वितरण आदि जस्ता कारणले पर्वतीय जीवन अझ कष्टप्रद भएको छ । यसर्थ पर्वतीय क्षेत्रमा दिगो विकासको अवधारण अनुरूप संरक्षण र विकासको सामञ्जस्यता कायम गर्दै अघि बढ्नुपर्ने आवश्यकता रहेको छ ।

जलश्रोतको उपयोग गरी उर्जा उत्पादन गर्ने प्रचुर सम्भावना भएको हाम्रो जस्तो देशमा जल सम्पदाको सदुपयोग हुन नपाउंदा विद्युत उर्जावाट जनसंख्याको ठूलो हिस्सा अझैपनि उज्यालोबाट बञ्चित छ भने जलविद्युत पुगेको क्षेत्र समेत अत्यधिक लोडसेडिङ्गको मारमा परेको स्थिति छ । अपार जडिबुटीको खानी हुंदाहुंदै अर्बौ रूपैयांको औषधिको आयात, पशुपालन र फलफूल खेतीका लागि उर्वरभूमी हुंदाहुंदै भोकमरी र गरिबीको स्थिति, अपार प्राकृतिक सम्पदा र विश्व सम्पदा सूचीमा परेका संसारकै सवैभन्दा मनोरम स्थान तथा दृश्य हुंदाहुंदै प्रशस्त पर्या पर्यटन प्रवर्द्धन गर्न नसकेको अवस्था, प्राकृतिक श्रोतको अत्यधिक दोहन आदि पर्वतीय क्षेत्रका सबालहरू हुन् । यसरी विश्लेषण गर्दा हामी श्रोतले सम्पन्न हुंदाहुंदै पनि गरिबीको अवस्थाबाट माथि उठ्न सकेका छैनौं । यसर्थ पर्वतीय क्षेत्रको यि अपार सम्भावनालाई व्यवहारमा उतार्न सवै सरोकारवालाहरूले आ आफ्नो क्षेत्रबाट योगदान गर्नु जरूरी छ । यसो गर्न सकिएमा पर्वतीय क्षेत्रको दिगो विकासमा टेवा पुग्न जान्छ ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयास

ब्राजिलको रियो द जेनेरियोमा सन् १९९२ मा दिगो विकासको सवाललाई लिएर अन्तराष्ट्रिय स्तरको सवैभन्दा ठूलो सम्मेलन (पृथ्वी सम्मेलन) भएको थियो । यस सम्मेलनमा तीनवटा प्रमुख महासन्धीहरू, जलवायु परिवर्तन सम्वन्धी महासन्धी, मरूभूमिकरण सम्वन्धी महासन्धी र जैविक विविधता सम्वन्धी महासन्धी भएका थिए । यस पश्चात यिनै सन्धीका प्रावधानहरू अनुरूप विश्व समुदाय दिगो विकास, जैविक विविधता संरक्षण र जलवायु परिवर्तन जस्ता समस्याहरूलाई सम्बोधन गर्ने दिशामा मार्गनिर्देशित हुंदै आएको छ । विश्वस्तरमा विश्व संरक्षण रणनीति, सहस्राब्दी विकास लक्ष्य, जैविक विविधता रणनीति तथा कार्ययोजना, दिगो विकास एजेण्डा आदि यीनै महासन्धीहरूसँग मेल खाने गरी वनाइएको दिगो विकासको प्रयासको रूपमा लिन सकिन्छ । महासन्धीको प्रावधान अनुरूप हाम्रो देशमा पनि विभिन्न नीति, रणनीति, कार्ययोजना र कार्यक्रमहरू तर्जूमा भएको पाइन्छ ।

नेपालले दिगो विकासको अवधारणालाई आठौं पञ्चवर्षीय योजनाबाट शुरू गरेको पाइन्छ र सोही अनुरूप योजनाहरू बनाउने क्रम जारी छ । सरकारले यि नीति अनुरूप कार्यक्रम र बजेटमा पनि जोड दिदै आइरहेको छ । यिनैको फलस्वरूप नेपालमा २५ प्रतिशत राष्ट्रिय वन समुदायमा आधारित दिगो वन ब्यवस्थापन पद्धतिबाट व्यवस्थित हुंदै ३५ प्रतिशत जनताले प्रत्यक्ष लाभ लिइरहेका छन्, राष्ट्रको २३ प्रतिशत क्षेत्र संरक्षित क्षेत्रको रूपमा व्यवस्थापन भएको छ, वातावरणमैत्री विकासमा जोड दिने ऐन कानूनहरूको ब्यवस्था समेत भएको छ । राष्ट्रपति चुरे संरक्षण जस्ता पर्वतीय क्षेत्रकै लागि केन्द्रित कार्यक्रम सहित तय भई कार्यान्वयन हुंदै आइरहेका छन् ।

माथि उल्लेखित प्रयासका अलावा जनचेतनामूलक कार्यक्रमहरू पनि उल्लेख्य रूपमा हुंदै आएका छन् । अन्तर्राष्ट्रिय पर्वतीय दिवस पनि पर्वतीय क्षेत्रको दिगो विकासको क्षेत्रमा जनचेतना जुटाउने एक माध्यम हो । यसभन्दा अगाडिका अन्तराष्ट्रिय पर्वतिय वर्षका नाराहरूले पनि हाम्रा पर्वतीय क्षेत्रका अवसरहरूलाई उजागर गर्न प्रेरित गरेका छन (तालिका १) र जुन नेपाली सन्दर्भमा अझै उपयोगी देखिन्छन र जसअनुसार कार्यक्रम तय हुन सकेमा पर्वतीय क्षेत्रको दिगो विकासमा क्रमिक सुधार आउने निश्चित छ । पर्वतीय क्षेत्रको विकासमा उत्कृष्ट कार्य गर्ने संघ, संस्था तथा व्यक्तिहरूलाई वन तथा भू संरक्षण मन्त्रालयले प्रत्येक वर्ष यसै दिन पर्वतीय पुरष्कार प्रदान गर्दै आएको छ । यस वर्ष पुरष्कृत हुने संघ संस्थाहरूको बारेमा तल तालिका २ मा उल्लेख गरिएको छ ।

### तालिकाः १
### हालसम्मका अन्तराष्ट्रिय पर्वतीय वर्ष र नाराहरु

| अन्तराष्ट्रिय पर्वतीय वर्ष प्रत्येक वर्ष ११ डिसेम्वर | नाराहरु |
|---|---|
| पहिलो, २००३ | पर्वतहरू नै स्वच्छ पानीका मुहान हुन "Mountains are the Source of Fresh Water" |
| दोश्रो, २००४ | पर्वतीय क्षेत्रको दिगो विकासका लागि शान्ति "Peace - key to Sustainable Mountain Development" |
| तेस्रो, २००५ | पर्वतीय क्षेत्रको गरिवी निवारणका लागि दिगो पर्यटन "Sustainable Tourism for Poverty Alleviation in Mountain Areas" |
| चौथो, २००६ | पर्वतीय जैविक विविधताको उचित स्याहार सम्मुन्नत जीवनको आधार "Managing Mountain Biodiversity for better lives" |
| पाँचौ, २००७ | पर्वतीय क्षेत्रमा जलवायु परिवर्तनका असरलाई सामना गरौ "Facing Change: Climate Change in Mountains" |
| छैटौ,२००८ | पर्वतिय क्षेत्रमा खाद्य सुरक्षा " Food Security In Mountains" |
| सातौ, २००९ | पर्वतिय क्षेत्रमा विपद जोखिम ब्यवस्थापन "Disaster Risk Management in Mountains " |
| आठौ, २०१० | पर्वतिय क्षेत्रका अल्पसंख्यक र आदिवासी "Mountain Minorities and Indigenous People" |
| नवौ, २०११ | पर्वतिय वनः भविष्यको आधार "Mountain Forest: roots to our future" |
| दशौ, २०१२ | दिगो पर्वतिय विकास "Sustainable Mountain Development" |